**संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६५ जेठ २**

---

## नयाँ संयुक्त राष्ट्रसङ्घीय महासन्धिद्वारा विकलाङ्गहरूको अधिकार प्रत्याभूति

वैशाख २१ गते विकलाङ्गहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि (महासन्धि) लाई अनुमोदन गरेर इक्वेडर यसलाई अनुमोदन गर्ने बीसौं राष्ट्र भएपछि यो महासन्धि २१ औं शताब्दीमा लागू हुने पहिलो अन्तर्राष्ट्रिय मानवअधिकार लिखत भएको छ।

सो महासन्धिले विश्वभरका अनुमानित ६५ करोड विकलाङ्गहरूका लागि नयाँ अधिकार स्थापित गर्दैन, बरु विद्यमान अधिकारका लाभहरू पूर्णरूपमा प्राप्त हुने तथा प्रत्याभूत हुने कुरा सुनिश्चित गर्ने लक्ष्य राख्दछ। अधिकारमा आधारित यो पद्धतिले विकलाङ्गहरूप्रतिको पहिलेको उपकारी पद्धतिबाट रूपान्तरणकारी फड्को मारेको छ। सो महासन्धिलाई अनुमोदन गरेर, राज्यहरूले आफूलाई अपाङ्गताहरूको अधिकारमा सुधार ल्याउने कानुन बनाउन र अन्य उपायहरू अवलम्बन गर्न तथा विकलाङ्गहरूलाई भेदभाव गर्ने कानुन, प्रचलन र व्यवहारलाई उन्मूलन गर्न प्रतिबद्ध बनाउँछन्।

सो महासन्धिमा शिक्षा, स्वास्थ्य, काम, उपयुक्त जीवनयापन, आवतजावत गर्न पाउने स्वतन्त्रता, शोषणबाट स्वतन्त्रता तथा कानुनको अगाडि समानताका अधिकारहरू समावेश छन्। यसले विकलाङ्गहरूले सार्वजनिक यातायात, भवन तथा अन्य सेवासुविधामा पहुँच प्राप्त गर्न पाउने आवश्यकतालाई सम्बोधन गर्दछ र आफ्नो लागि आफैं निर्णय गर्ने उनीहरूको क्षमताको पहिचान गर्दछ। महासन्धिको इच्छाधीन आलेखले व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय विज्ञ निकायमा उजुरी गर्न अनुमति दिन्छ।

अहिले पच्चीस राष्ट्रले महासन्धिलाई अनुमोदन गरिसकेका छन्। नेपाल सरकारले हस्ताक्षर गरेको छ तर अझै अनुमोदन गरेको छैन र उच्चायुक्तको कार्यालय-नेपाल सरकारलाई अब त्यो महत्त्वपूर्ण कदम चाल्न प्रोत्साहन गर्न चाहन्छ। संविधानसभाले विकलाङ्गसमेत सबैको अधिकारलाई कानुनद्वारा संरक्षित बनाउने वास्तविक रूपमा समावेशी राष्ट्रको खाका हुने नयाँ संविधानमाथि काम गर्न लागेकाले समय उपयुक्त छ।

"राष्ट्रिय कानुन तथा कार्यक्रमहरूद्वारा सो महासन्धिको कार्यान्वयन हुने कुरा सुनिश्चित गर्ने कार्य एउटा महत्त्वपूर्ण कदम हुनेछ। कानुनमा हुने परिवर्तनले दृष्टिकोणको परिवर्तनलाई तीव्र बनाउन मद्दत गर्छ", उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो। "महासन्धिलाई कार्यान्वयन गर्न आवश्यक पर्ने कदमहरू चाल्नका लागि सरकार एवं राष्ट्रिय मानवअधिकार आयोग तथा विकलाङ्ग - शारीरिक, मानसिक तथा बौद्धिक अपाङ्गता भएका समेत - हरूका लागि काम गर्ने सङ्गठनहरूलाई सहायता गर्न मेरो कार्यालय तयार छ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org